गढवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गढवा दाङ

लुम्बिनी प्रदेश नेपाल

## सटर भाडामा लगाउने सम्वन्धि सूचना

(तेश्रो पटक प्रकाशित मिति २०८३।०५।०७

यस गढवा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३।०३।०८ गते बसेको बैठकको
निर्णयानुसार वडा नं.६ गढवा बजार अन्तर्गत रहेका ११ वटा सटरयुक्त कोठाहरू
ल्याउनु पर्ने भएको हुंदा यो १५ दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक नेपाली
नागरिकहरूले निम्न शर्तहरूको अधिनमा रही एकमुष्ट शिलबन्दी बोलपत्र प्रस्ताव पेश
गर्नुहुन अनुरोध छ ।

**तपसिल :-**

| सि.नं. | सटर कोठा नं. | सटर कोठा संख्या | न्यूनतम दर रू.प्रति सटर प्रति महिना | जम्मा मासिक रू. भ्याट बाहेक | जम्मा बार्षिक रू.भ्याट बाहेक |
|---|---|---|---|---|---|
| १. | १,२,३,४,५,६,७,८,९,१०,११ | ११ एघार | ८०००।- | ८८,०००।- | १०,५६,०००।- |

शर्तहरू:-

१.शिलबन्दी दरभाउपत्र व्यक्ति ,फर्म ,कम्पनी वा संघ संस्थाले खरिद गर्न सक्नेछन् ।

२.नेपाली नागरिकले मात्र शिलबन्दी दरभाउ पत्र पेश गर्न पाउनेछन् ।

गाउँपालिका कार्यालयको राजश्व शाखाबाट

३. प्रत्येक सटरका लागि यस कार्यालयको दरभाउपत्र दस्तुर गाउँपालिका कार्यालयको राजश्व शाखाबाट
रू.१०००।- (फिर्ता नहुने) बुझाई वा दरभाउपत्र फारम सूचना प्रकाशन भएको मितिले १४ औं दिन मिति
२०८३।०५।०७गते कार्यालय समयमा भित्र खरिद गरि १५ औं दिन मिति २०८३।०५।२१ गते दिनको १२:००
बजे सम्म दरभाउ पत्र प्रस्ताव कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

४.कबोल गरेको रकमको बार्षिक एकमुष्ट रकमको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी
खाता मा जम्मा गरि बैंक भौचर बोलपत्र प्रस्ताव साथ पेश गर्नुपर्नेछ ।

५.दरभाउपत्र स्वीकृत पश्चात बार्षिक ठेक्का रकममा मू.अ.कर र अग्रिम आय कर अग्रिम दाखिला गर्नु पर्ने र
सम्झौताको बखत ५० प्रतिशत सटर भाडा अग्रिम नगद दाखिला गर्ने र बाँकी ५० प्रतिशत रकमको बैंक
जमानत (बैंक ग्योरेन्टी) पेश गर्नु पर्नेछ ।

६.सटर भाडामा लिने व्यवसायीले पानी र बिधुतको व्यवस्था आफैले गर्नु पर्नेछ ।

७.सटर वरपरको सरसफाईको जिम्मेवारी सटर संचालकको हुनेछ ।

८.दरभाउपत्र मूल्यांकन गर्ने अन्तिम अधिकार गाउँपालिकाको हुनेछ ।

९.दरभाउपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गर्नुपर्नेछ ।

१०.मासिक भाडा दरभाउ पत्र स्वीकृत पश्चात सम्झौता पत्रमा उल्लेख भए अनुसार बुझाउनु पर्ने छ ।

११.सम्झौता विपरित कार्य गरेमा सम्झौता रद्द हुनेछ ।

१२.शिलबन्दी दरभाउपत्रमा व्यवसायको प्रकार उल्लेख गर्नु पर्नेछ ।

१३.सम्झौताको अवधि ५ (पाँच) बर्षको हुनेछ । प्रत्येक २ । २ बर्षमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम
भाडा बृद्धि हुनेछ । गाउँपालिकाले आवश्यक परेमा सम्झौता अवधि थप गर्न सक्नेछ ।

१४. प्रत्येक बर्षको श्रावण महिनाको ७ गते भित्र ठेक्का नविकरण गर्नु पर्नेछ । नविकरण गर्दा भ्याट र आय कर पुरै भुक्तानी गर्ने र कबोल रकमको ५० प्रतिशत नगद दाखिला गर्ने र ५० प्रतिशतको १३ महिनाको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

१५.बाँकी बुझाउन ५० प्रतिशत रकम बैशाख १५ गते भित्र बुझाई सक्नु पर्नेछ .ठेक्का नविकरण तोकिएको समयमा नगरेमा थप १० प्रतिशत जरिवाना लाग्ने छ र तोकिएको मिति भन्दा पछाडी ५० प्रतिशत रकमको १० प्रतिशत जरिवाना लाग्ने छ । १ महिना पछाडी जरिवाना असुल र ठेक्का रद्द गरि धरौटी जफतको प्रक्रिया अगाडी बढाईनेछ ।

१६.अन्य व्यवस्था गाउँपालिकाको प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

अन्य शर्तहरू:-सटर भाडामा लिने व्यक्ति ,फर्म ,कम्पनी वा संघ संस्थाल मदिरा , नशालु पदार्थ तथा जोखिमयुक्त र कानुनले निषेधित बस्तु बिक्री गर्न पाईनेछैन ।

शिलबन्दी दरभाउपत्र सँगै पेश गर्नु पर्ने कागजातहरू:-

१.दरभाउपत्रको फारम .

२.नेपाली नागरिकताको प्रतिलिपी

३.व्यवसाय दर्ता प्रमाण पत्र (फर्म ,कम्पनी वा संघ संस्थाको हकमा)

४.PAN / VAT दर्ता प्रमाण पत्र

५.धरौटी रकम बैंक जम्मा गरेको बैंक भौचर

थप जानकारी :- यस सम्वन्धि बिस्तृत जानकारीका लागि गढवा गाउँपालिकाको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ ।

..............................

कृष्ण प्रसाद पौड्याल

प्रमुख प्रशासकीय अधिकृत